# रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.स.०७७/०७८

पहरीगाउँ, इलाम
१ नं. प्रदेश, नेपाल

**प्रथम पटक प्रकाशित मितिः २०७८/०१/२२**

यस गाउँपालिकाको तपशिलमा उल्लेखित खरिद कार्य सिलबन्दी दरभाउपत्र मार्फत गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य सप्लायर्स तथा फर्महरुका लागि निम्न शर्तहरुका अधीनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**१.** सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात यस गाउँपालिकाको कार्यालयबाट मात्र खरिद गर्न सकिने भएकोले Bid document हरु मिति २०७८/०१/२२ देखि २०७८/०२/०५ गते कार्यालय समयभित्र सिलबन्दी दरभाउपत्र कागजात खरिद दस्तुर बापत तपशिलमा उल्लेखित रकम तिरी यस गाउँपालिका बाट खरिद गर्नुपर्नेछ ।

क) ठे.नं. (***RRM/ILAM/PS/SQ /GOODS /077/78-01*** का लागि रु १००० (एक हजार मात्र)।

**२.** सिलबन्दी दरभाउपत्रदाताको व्यवसाय दर्ता प्रमाण–पत्र, व्यवसाय इजाजत प्रमाण–पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण–पत्र र आ.ब.२०७६/०७७ को करचुक्ता प्रमाण–पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

**३.** सिलबन्दी दरभाउपत्र मिति २०७८/०२/०६ गते १२:०० वजेभित्र Submit गर्न सकिनेछ । यसरी Submit गरिएका सिलबन्दी दरभाउपत्र सोही दिन १३:०० वजे यस कार्यालयमा उपस्थित सिलबन्दी दरभाउपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

**४.** सिलबन्दी दरभाउपत्र कागजात खरिद गरिने अन्तिम दिन वा सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।

**५.** सिलबन्दी दरभाउपत्र साथ मेगा वैक नेपाल लिमिटेड रोङ शाखा हर्कटे, इलाम स्थित रोङ गाउँपालिकाको धरौटी खाता न. १०७००१००११५९२ मा फर्मका नामवाट तपसीलमा उल्लेखित बोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तीमा १२० (एकसय बीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको जमानतपत्र (विडबण्ड) पेश गर्नुपर्नेछ । सो जमानत– पत्र/भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण कार्यको नाम उल्लेख भएको हुनुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

**६.** एउटा फर्मको नामवाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र कागजात अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

**७.** स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु सिलबन्दी दरभाउपत्र दाताले नै बुझाउनु पर्नेछ ।

**८.** अन्य विस्तृत विवरण Bid Document मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी सम्बन्धित सिलबन्दी दरभाउपत्र दाताको हुनेछ ।

**९.** सूचना तथा सिलबन्दी दरभाउपत्र कागजातका शर्त विपरित भएको, कुनै थपघट गरिएको, रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**१०.** सिलबन्दी दरभाउपत्रको परीक्षण सिलबन्दी दरभाउपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न अतिरिक्त खर्च लाग्ने भए सो बापतको सम्पूर्ण खर्च सिलबन्दी दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

**११.** सिलबन्दी दरभाउपत्रदाताहरुले आफनो सिलबन्दी दरभाउपत्र दाखिला गर्नु अगावै सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेखित विवरण अनुसार परियोजनाको स्थलगत निरीक्षण गरी पेश गर्न सकिनेछ ।

प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम
१ नं. प्रदेश, नेपाल

प.स.०७७/०७८

**१२.** सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीहरु Bid Document मा राखिएको छ

**१३.** सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

**१४.** सिलबन्दी दरभाउपत्र शर्तरहित, मूल्यपत्र लगायत सार्वजनिक खरिद अनुगमन कार्यालयको Website बाट Download गरिएका कागजातमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

**१५.** सिलबन्दी दरभाउपत्रका अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारणविना सबै सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्वीकृत वा अस्वीकृत गर्न वा सूचना नै रद्ध गर्न सक्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**१६.** थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको नं. ९८५२६४२०२० मा सम्पर्क गर्न वा कार्यालयको वेवसाईट www.rongmun.gov.np बाट हेर्न सकिनेछ ।

**सिलबन्दी दरभाउपत्र मार्फत गरिने खरिद कार्यको विवरण**

| क्र.सं. | ठेक्का नं. | खरिद कार्यको विवरण | लागत अनुमान रकम | जमानत वापत राख्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| 1 | RRM/ILAM/PS/SQ/GOODS/2077/078-01 | बोयर जातको बिऊ बोका खरिद तथा ढुवानी | 10,66,667/- | 27,000/- |

२०७८/१/२२

प्रकाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत